नेपाल सरकार
अर्थ मन्त्रालय
**महालेखा नियन्त्रक कार्यालय**
**सुपरीवेक्षण, अनुगमन तथा बिश्लेषण महाशाखा**
(आन्तरिक लेखापरीक्षण शाखा)

फ्याक्स :- ०१-४४१४६५१
फोन :-४४३८५३६
४४३८५४५
४४३८५४६
Ex.२२८/२२९/२३०
अनामनगर
काठमाण्डौ,नेपाल

नेपाल सरकार
अर्थ मन्त्रालय
महालेखा नियन्त्रक कार्यालय
अनामनगर, काठमाडौं

पत्र संख्या :- ०७२/७३ ले.प.
चलानी न :- १०१

मिति :-२०७२/०५/०२

श्री कोष तथा लेखा नियन्त्रक कार्यालय
सवै (७९ वटै) ।

**विषय : आन्तरिक लेखापरिक्षण सम्बन्धमा ।**

कोष तथा लेखा नियन्त्रक कार्यालय रुकुम, सल्यान, ओखलढुगां र काठमाडौं भुक्तानी केन्द्र नं.३ लैनचौर को मिति मिति २०७१।१०।२८ , मिति २०७१।१२।२२, मिति २०७२।१।२७ र २०७२।२।१८, को पत्रबाट आन्तरिक लेखापरिक्षण गर्ने सम्बन्धमा द्बिविधा परी निर्देशन माग भई आएकोमा यस कार्यालयको मिति २०७२।४।३१ को निर्णयानुसार तपसिल बमोजिमको निर्णय भएको व्यहोरा अनुरोध छ ।

**तपसिलः**

(१) विकास समिति ऐन, २०१३ को अधिकार प्रयोग गरी विकास समिति गठन आदेश २०५२ ( पहिलो संशोधन २०६० बमोजिम गठन भएको ग्रामीण खानेपानी तथा सरसफाई कोष विकास समितिको आन्तरिक लेखापरिक्षण सोही आदेशको दफा १२(३) बमोजिम स्वतन्त्र व्यवसायिक लेखापरिक्षकबाट हुने ।

(२) नगरपालिकाहरुको आन्तरिक लेखापरिक्षण स्थानीय स्वायत्त शासन ऐन २०५५ को दफा १३५ बमोजिम नगरपालिका आफैंले गर्ने ।

(३) राष्ट्रिय ग्रामीण यातायात सुदृढीकरण कार्यक्रम (SNRTP), सामुदायिक सिचाइ आयोजना (CIP) , जिल्ला सडक सहयोग कार्यक्रम र ग्रामीण पहुँच सुधार तथा विकेन्द्रीकरण परियोजना जस्ता जिल्ला विकास कोषबाट रकम प्रवाह हुने जिल्ला विकास समिति अर्न्तगत बिषयगत शाखाको हकमा स्थानीय निकाय आर्थिक कार्यविधि संचालन सम्बन्धी व्यवस्था अनुसार जिल्ला विकास समिति अर्न्तगतको आन्तरिक लेखापरिक्षण शाखाले गर्ने ।

०७२।०५।०२
(सुर्यमणि गौतम)
उप महालेखा नियन्त्रक